☎०८८-४११०६०

वनगाड कुपिण्डे नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सल्यान, नेपाल

कर्णाली प्रदेश, नेपाल

**प्रेस विज्ञप्ति**

मिति : २०७७/०२/२०

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण श्रृजित यस विषम परिस्थितिमा राज्य नै लकडाउन भएको अवस्थामा भारतबाट यस नगरपालिकामा नागरिकहरु आउने क्रम जारी भएकोले यस्तो अवस्थामा पनि सिमित स्रोतसाधनका वावजुत भारतबाट आएका नगरबासीहरुलाई आवश्यक क्वारेइन्टाइनको व्यवस्था गर्नुका साथै उचित खानपानको पनि व्यवस्था गरिएको कुरा सर्वविदितै छ ।

विगत केहिदिन देखि क्वारेन्टाइनमा बसिरहेका नगरबासीहरुको कर्णाली प्रदेश सरकारले उपलब्ध गराएको चिकित्सक र यस नगरपालिकाको सयुंक्त टोलिको सहयोगमा RDT र PCR Test गर्दै संक्रमितहरुको पहिचान तथा न्यूनीकरण गर्न नगरपालिका, बुद्धिजिविहरु, जनप्रतिनिधिहरु, समाजसेवीहरु, सुरुक्षा निकाय, स्वास्थ्यकर्मी एवम संघ सस्थाहरु पनि लागि परेको हुनाले यस घडिमा अझै आवश्यक सहयोगको पनि अपेक्षा गर्दछु । साथै अहोरात्र खटिएका टीम तथा सहयोगी मनहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । हाल सम्म नगरपालिकाको २४ वटा क्वारेन्टाईनमा जम्मा १५७३ जना रहेका र त्यस मध्ये ५६५ जनाको RDT परिक्षण भएको , ७२० जनाको PCR परिक्षण भएको र ४२ जनाको Positive नतिजा आएको जानकारी गराउदछु ।

यस महामारी संग जुध्न सबै सम्बन्धित निकाय निरन्तर लागि परेको अवस्थामा "सके सहयोग गरौ नसके असयोग पनि नगरौ" तर केही अनलाईन मिडियाले अपुष्ट, अस्पष्टता, अर्धखोजमा आधारित भई अफवाह फैलाउने, श्रोत नखुलेको, वातावरण उतेजित बनाउने तथा भ्रामक टिकाटिप्पणी प्रति यस नगरपालिकाको ध्यानाकर्षण भएको छ । नगरपालिका कोरोना न्युनिकरणको रोकथाम र नियन्त्रणमा जुटेको अवस्थामा नकारात्मक समाचारले सहकार्य र कोरोना बिरुद्धको लडाईलाई असहयोग पुग्ने हुदा कोरोना बिरुद्धको लडाईमा सवै सरोकारवालाहरुलाई सहयोगको लागि अनुरोध गर्दछु ।

साथै यस विषम परिस्थितिमा भ्रामक, वातावरणलाई उतेजित बनाउने किसिमको समाचार जानकारीमा आएमा नगरपालिका विद्युतिय कारोवार ऐन, सूचना तथा प्रविधी नियमावली र साइवर अपराध ऐन अन्तर्गत आवश्यक कारवाही गर्नका लागि सम्वन्धित निकायमा सिफारिस गर्न बाध्य हुनेछ ।

धन्यवाद

२०७७/०२/२०

गोविन्द कुमार पुन
नगर प्रमुख

गोविन्द कुमार पुन
नगर प्रमुख

Main Office: Fax No: 088411061, Website: www.bangadkupindemun.gov.np, Email: info.bangadkupindemun@gmail.com